# २०७१ श्रावणको बाढीबाट प्रभावित बाँके, बर्दीया, सुर्खेत तथा दाङ्गमा विस्थापित परिवारको पुनर्वास तथा पुनःनिर्माण कार्यको

## स्थलगत अनुगमन प्रतिवेदन (२०७२ जेठ)



(गत वर्षको बाढीले घर बगाएका जनताहरुको अस्थायी शिविर, सुर्खेत)


**प्रस्तुत कर्ताः**

**डा.तीर्थराज ढकाल, सह सचिव,**

**गोकुल खडका, कार्यक्रम निर्देशक,**

**राष्ट्रिय योजना आयोगको सचिवालय ।**

## कार्यकारी सारांश

गत २०७१ श्रावण २९ गतेको बबई नदीमा आएको बाढीले दाङ्ग, सुर्खेत, बाँके र बर्दीया जिल्लाहरुमा व्यापक जनधनको क्षति हुनुको साथै कतिपय परिवारहरुको घर पूर्णरुपमा र अन्य केहीको आंशिक रुपमा क्षति भएको थियो । सो बाढीबाट घरगोठ बस्ती बगाउँदा धेरै मानिसहरुको निधन भएको, धेरै पशुपंक्षीहरु नास भएको, सिँचाइ कूलो, खानेपानीको पाइप एवम् इन्टेक बगाएको, नदी प्रवाह क्षेत्र नजीक रहेका सडक र शिक्षा तथा स्वास्थ्य संस्थाहरुमा पूर्ण एवम् आशिंक नोक्सानी पुग्न गएको थियो । सो बाढीबाट हुन गएको सबै किसिमका क्षतिको विवरण सम्बद्ध निकायहरुबाट तयार भएको थियो ।

यसरी विषयगत निकायहरुबाट संकलन गरिएको तथ्यांकका आधारमा जिल्ला दैवी प्रकोप उद्धार समितिको सिफारिश बमोजिम नेपाल सरकारले चालू आ.व.२०७१/७२ देखि २०७३/७४ मा समेत पुनःनिर्माण कार्य सञ्चालनका लागि रु.९,८७,४९,७६,०००। विस्तृत कार्यक्रम नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भइसकेको छ र चालू आ.व. २०७१/७२ को यही आषाढ मसान्तभित्र निर्माण सम्पन्न गरिसक्ने गरी रु.६,२८,२८,०७,०००। जिल्लास्थित सम्बन्धित विषयगत कार्यालयको नाममा पठाइएको निकासा अनुसार बाढीबाट बिस्थापित परिवारलाई पुनर्वास एवम् बाढीबाट क्षति भएका भौतिक संरचना पुनःनिर्माण कार्य सम्बन्धमा अध्ययन गरी सुझाव प्रस्तुत गरिएको छ ।

## सूचना संकलनका लागि अपनाइएका विधिहरुः

अनुगमनमा देहायवमोजिमको विधि अपनाई अन्तरक्रिया, अबलोकन र सूचना तथा सुझावहरु संकलन गरियो ।

(क) मध्य पश्चिमाञ्चल क्षेत्रीय प्रशासक श्री विजय कुमार मल्लिकज्यूको आथित्यमा बाँके, बर्दीया, सुर्खेत र दाङका प्रमुख जिल्ला अधिकारीहरु लगायत विभिन्न निकायका प्रतिनिधिहरु सम्मिलित बैठकको आयोजना गरी विस्तृत अन्तरक्रिया गरिएको (निर्णय संलग्न छ) ।

(ख) ती जिल्लास्थित विभिन्न कार्यालय तथा आयोजनाका प्रमुखहरुसँग अन्तरक्रिया गरिएको ।

(ग) पीडितहरु रहेका केही शिविर र पुनःनिर्माण प्रारम्भ भएका केही आयोजनाको निरीक्षण गरिएको ।

## अनुगमन गरिएका अन्य आयोजनागत विवरण :

जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय, बाँकेले निर्माण गर्नुपर्ने ४५ आयोजनाहरुमध्ये ६ वटाको ठेक्का सम्झौता भइसकेको, राप्ती नदीले कटान गरी बस्ती विस्थापन गरेको होलिया गाविस ५, टेप्री इलाकामा ७०० मिटरको तटबन्ध यस आ.व.भित्र सम्पन्न हुने देखिएता पनि बाँकि ३३० मिटरको निर्माण ठेकेदारले सुरु नगरेको पाइयो ।

त्यस्तै गुलरिया नगरपालिकाबाट भारतको मूर्तिहा जाने बाटोमा रहेको भत्किएको कलर्भटभन्दा दक्षिणतर्फ सशस्त्र प्रहरीको गुल्म रहेकोले वर्षाद् अगाडि यस कलर्भटको निर्माण हुन नसकेमा सशस्त्र प्रहरीलाई परिचालन गर्न समेत नसकिने प्र.जि.अ.ले जानकारी दिनुभयो ।

त्यस्तै गुलरिया नगरपालिकालाई बाढीबाट बचाउनको लागि बबई नदी किनारका ३ स्थानमा जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालयबाट निर्माणाधीन तटबन्ध यस आ.व.भित्रै सम्पन्न गर्नेगरी अघि बढेको पाइयो । गत वर्ष उक्त स्थानबाट बबई नदी मानव बस्तीमा पस्दा ३ जनाको मृत्यु भएको र ४३ घर पूर्णरुपमा बगाएको बुझियो । त्यस्तै गुलरिया नगरपालिकास्थित बबई नदीको शव्दीपुरमा करीब ५०० मिटर लामो मोटरेवल पुल निर्माणका लागि डिभिजन सडक कार्यालयले बिगत ३ वर्षअघि लगाएको ठेक्का अनुसार पुलको करीव ७० प्रतिशत काम पुरा भै सके पनि निर्माण कार्य निकै धिमा गतिमा अगाडि बढेकोपाइयो । त्यस्तै बर्दीया जिल्लाकै कुसुम्भाघाटमा निर्माण भएको भनिएको झोलुगे पुल तुरुन्त भत्किएकोले हाल पूर्वपट्टिको केही अवशेष बाहेक अरु केही बाँकी रहेको पाइएन । कुसुम्भाघाटको पश्चिम किनारामा करिव ३०० मिटर तटबन्ध निर्माण गर्न अत्यन्त जरुरी देखियो । बर्दियाको राजापुरलाई कैलालीसंग जोड्ने राजापुर सतिघाट (५३० मिटर) पुलको पश्चिम किनारमा स्पानसहित अपस्ट्रिम र डाउन स्ट्रिम संरक्षण क्रमशः २७० र १०० मिटर निर्माण सम्पन्न भइसकेको । Design and Build पद्धतिको ठेक्का लगाई निर्माण भएको यस आयोजनाको पश्चिम किनारमा करीब २ वटा जति स्पान थप्नु पर्ने स्थिति देखिए पनि पुल निर्माण सम्पन्न भएको र अपस्ट्रिम र डाउनस्ट्रिम क्रमशः ६०० मिटर र ५० मिटर संरक्षण कार्य मात्र बाँकी रहेको भन्ने बुझियो ।

कर्णाली नदी नियन्त्रणको लागि २०७१ कार्तिकमा स्थापित कार्यालयले गुरुयोजना बमोजिम ४१.७५० कि.मि. लामो तटबन्ध निर्माण गर्नुपर्नेमा चालू आ.व.२०७१/७२ को लक्ष ४ कि.मि. तटबन्ध आषाढ महिनाभित्र सम्पन्न हुने जानकारी सम्बन्धित प्रमुखले दिनुभयो ।

छिन्चु जाजरकोट सडकको करीब १० कि.मि. दूरीमा रहेका जहरे खानेपानी आयोजना, जहरे खानेपानी आयोजनाको मुहानबाट जहरे बजारसम्म ल्याइएको खानेपानीको पाइप गत वर्षको बाढीले बगाएकोमा नयाँ पाइप जडान भइ सकेको देखिए पनि पानी आइसकेको बुझिएन ।

छिन्चु बजारबाट बग्ने छिन्चु खोलाले गत वर्ष कटान गरेको स्थानमा तारजाली सहितको तटबन्ध निर्माण कार्यको शुरुवात गरेको देखिए पनि बाढीबाट बस्तीलाई जोगाउनको लागि पर्याप्त नभएको देखियो ।

दा ·को डुरुवा गाविसको चौपरिया जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय, लमहीबाट करीब २ करोड ४० लाखको लागतमा ६०० मिटर तटबन्धको निर्माण प्रारम्भ गरेको पाइयो ।

नेपालगञ्जमा आयोजना गरिएको अन्तरक्रिया, विभिन्न जिल्लाहरुमा कार्यालय तथा आयोजना प्रमुखहरुसंग भएको छलफल, आयोजनाहरुको स्थलगत अनुगमन र शिविरमा रहेका तथा अन्य बिस्थापित परिवारहरुसंगको छलफलबाट समग्रमा बाढी पीडितहरुको पुनर्वास तथा पुनःनिर्माणमा देहाय बमोजिमको स्थिति रहेको पाइयो ।

(क) पूर्ण रुपमा घर क्षति भइ विस्थापित परिवारहरुको प्रारम्भिक लगत तयार गरिएको भए पनि त्यसको प्रमाणीकरण (verification) हुन बाँकी नै रहेको । तलको तालिकामा देखाइए झैं ४ वटा जिल्लाका विभिन्न स्थानमा गरी कुल १५६१ परिवार अझै अस्थायी शिविरहरुमा रहेको ।

| जिल्ला | पूर्ण रुपमा घर क्षति भएका परिवार संख्या | अझै शिविरमा पालमुनी रहेका परिवार संख्या |
|---|---|---|
| बाँके | ३२१२ | ४९२ |
| बर्दीया | ३८५९ | १६२ |
| सुर्खेत | १४६५ | ८६५ |
| दांग | ४१३ | ४२ |
| जम्मा | ८,९४९ | १,५६१ |

(ख) आगामी मनसुन अगाडि नै यी परिवारहरुको व्यवस्थित वसोवास गर्न अत्यन्त जरुरी रहे पनि प्रमाणीकरण टुंग्याई यस्तो लगत तयार गर्नका लागि शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयलाई आबश्यक रकम निकासा नभएको र जनशक्ति पनि कम रहेको ।

(ग) नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयवमोजिम बाढीबाट भएको क्षतिको पुनःनिर्माणका लागि विभिन्न निकायहरुलाई विनियोजन गरिएको रकमको खर्च गर्ने अख्तियारी अझै सम्बद्ध कार्यालय तथा आयोजनामा नपुगेको । उदाहरणका लागि शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय र जिल्ला शिक्षा कार्यालयहरुमा अख्तियारी अझै नपुगेको ।

(घ) सिंचाइ डिभिजन कार्यालय र जल उत्पन्न प्रकोप डिभिजन कार्यालयका लागि छुट्याइएको रकमको अख्तियारी प्राप्त नभएकोले कतिपय क्षेत्रमा सिंचाइ आयोजनाको पुनःनिर्माण तथा नदी नियन्त्रण कार्य प्रारम्भ भए पनि प्रभावकारी रुपमा काम अघि बढ्न नसकेको ।

(ङ) कृषि विकास कार्यालय र पशु सेवा कार्यालयका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय वमोजिमको रकम निकासा भैसकेको भए पनि क्षतिपूर्ति वितरणका लागि आबश्यक नर्म्स सहितको कार्यविधि सम्बद्ध मन्त्रालय/विभागबाट नगएका कारणले वितरण प्रारम्भ हुन नसकेको ।

(च) कर्णाली नदी नियन्त्रण आयोजना २०७१ कार्तिकमा स्थापना भएको भए पनि यसले कार्यक्रम प्रभावकारी रुपमा अघि बढाएको पाइयो ।

अनुगमनका क्रममा भएको अन्तरक्रिया कार्यक्रमहरुमा विभिन्न आयोजना तथा कार्यालय प्रमुखहरुबाट देहाय बमोजिम अन्य विषयहरुसमेत उठाइएको थियो । (क) दाड. सिमेण्ट, रोल्पा सिमेण्ट, सोनापुर सिमेण्ट र घोराही सिमेण्ट कारखानाहरुको पहुँच मार्ग निर्माण कार्यका सिलसिलामा करीब १३ करोड ८५ लाख बराबर काम भइसकेको रकम भुक्तानी गर्न रकम निकाशा नभएकोले समस्या परेको ।

(ख) नेपाल बिद्युत प्राधिकरण अन्तर्गतका निकायहरुबाट सडकको Right of Way भित्र पर्ने बिजुलीका खम्बाहरु स्थानान्तरण गर्न ठूलो रकमको ल.ई. भइआउने र समयमा काम पनि नहुने हुँदा सडक निर्माणमा समस्या पर्न गएको ।

(ग) बाढी र भूकम्पका कारणले भत्किएका र आफ्नै जग्गा नभएका विद्यालय तथा स्वास्थ्य चौकीलाई जग्गा प्राप्तीमा समस्या रहेको । विद्यालयको हकमा बनको जग्गा भोगाधिकार भए पनि भवन निर्माण गर्न पाइने तर स्वास्थ्यको हकमा यस्तो जग्गामा भवन निर्माण गर्न नदिने व्यवस्थाले काम कारवाहीमा समस्या पर्ने गरेको ।

(घ) लोक सेवा आयोगबाट लिइने विभिन्न तहको समावेशी सम्बन्धी परीक्षामा अपागंता भएका व्यक्तिहरुको प्रमाणीकरण गर्न अपागंताको स्पष्ट आधार स्पष्ट नभएको कारणले बिवाद पर्ने गरेको

(ड.) लमही कोइलाबास हुलाकी मार्ग अन्तर्गत राप्ती नदी किनारका बलरामपुर र गंगापुर क्षेत्रमा Alignment विवाद रहेको ।

(च) जिल्ला शिक्षा कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय र बहुसरोकारवाला बन संरक्षण कार्यक्रमको अझैसम्म तेश्रो चौमासिक निकाशा फुकुवा नभएको ।

(छ) बाढी लगायत अन्य दैबी प्रकोपको आपत्कालीन व्यवस्थापन गर्नका लागि जिल्ला दैबी प्रकोप उद्धार कोषमा केही रकमको व्यवस्था हुनुपर्ने ।

**सुझावहरु :**

जिल्लास्तरबाट तत्काल गरिनुपर्ने कार्यहरु :

(१) २०७१ सालमा आएको बाढी र डुवानबाट पूर्ण रुपमा घर क्षति भइ विस्थापित परिवारको घरजग्गासम्बन्धी विस्तृत विवरण तयार गरी २०७२ जेठ १५ सम्ममा प्रमाणीकरण (verification) गरिसक्ने ।

(२) उक्त प्रमाणीकरण कार्यका लागि शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयको संयोजकत्वमा स्थानीय निकाय, नेपाल रेडक्रस सोसाइटी, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयको प्रतिनिधि सम्मिलित समिति गठन गरी परिचालन गर्ने ।

(३) जिल्लास्थित कार्यालय तथा विकास आयोजनाहरुले नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय वमोजिमको वजेट सीमाभित्र रही जिल्ला दैवि प्रकोप उद्धार कोषबाट कार्यक्रम स्वीकृत गराई तोकिएको समयभित्रै कार्य सम्पन्न गर्ने गरी कार्यान्वयनलाई तीब्रता दिने ।

(४) घर क्षति भई विस्थापित परिवारलाई पुनर्वास गराउँदा हाल शिविरहरुमा कष्टकर रुपमा जीवनयापन गरिरहेका परिवारलाई प्राथमिकता दिने । त्यसपछि क्रमश अन्य र आंशिक रुपमा क्षति भएकालाई सहयोग गर्ने ।

(५) सो कार्यको सहजीकरण सम्बद्ध जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले गर्ने ।

## विषयगत मन्त्रालय/विभागबाट तत्काल गर्नुपर्ने कार्यहरुः

(१) पूर्ण रुपमा क्षति भई विस्थापित भएका परिवारसम्बन्धी तथ्यांकको आधिकारिकता प्रमाणीकरण तथा आवास भवन अनुगमन लगायतका कार्यका लागि शहरी विकास तथा भवन डिभिजन कार्यालयहरुलाई प्रशासनिक खर्च सहितको अख्तियारी ३ (तीन) दिनभित्र उपलब्ध गराउने । (शहरी विकास मन्त्रालय)

(२) शहरी विकास तथा भवन डिभिजन कार्यालय नेपालगंजका काजमा रहेका इन्जिनियरलाई काज फिर्ता गरी उक्त कार्यालयको माग वमोजिम केही कर्मचारी एक महिनाका लागि काजमा खटाउने । (शहरी विकास मन्त्रालय)

(३) कृषि तथा पशु विकास कार्यालयलाई पीडितहरुलाई क्षतिपूर्ति वापतको रकम उपलब्ध गराउनका लागि नर्म्स सहितको कार्यविधि आबश्यक देखिएकाले ३ (तीन) दिनभित्र उपलब्ध गराउने । (कृषि विकास मन्त्रालय)

(४) जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला शिक्षा कार्यालयहरुमा, सिंचाइ डिभिजन कार्यालय र जल उत्पन्न प्रकोप डिभिजन कार्यालयका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसारको रकम खर्चगर्ने अख्तियारी ३ (तीन) दिनभित्र उपलब्ध गराउने । (क्रमशः स्वास्थ्य तथा जनसंख्या, शिक्षा र सिंचाइ मन्त्रालय)

## **दीर्घकालीन सुझावहरुः**

(१) बबई र राप्ती नदी नियन्त्रणका लागि प्याकेजको रुपमा River Tracking and Training सम्बन्धी गुरुयोजना बनाई व्यवस्थित रुपमा कार्यान्वयन गर्नु पर्ने ।

(२) राष्ट्रिय निकुन्ज र चुरे क्षेत्रको अध्ययन गराई उपयुक्त स्थानबाट ढुंगा आपूर्ति गराउने नीतिगत व्यवस्था हुनुपर्ने ।

(३) नदी किनारमा तटबन्धसंगै बृक्षरोपणलाई प्याकेजकै रुपमा सञ्चालन गरी निर्मित तटबन्धको दीगोपना कायम गर्ने ।

(४) नदी किनारमा रहेका बस्तीहरुको अध्ययन गराई तिनीहरुलाई क्रमशः सुरक्षित क्षेत्रतर्फ स्थानान्तरण गराउदै जाने ।

विषय सूची


| सि. नं | विवरण | पेज |
|---|---|---|
| १ | कार्यकारी सारांश | क |
| २ | पृष्ठभूमि | १ |
| ३ | भ्रमणको उद्देश्य | १ |
| ४ | सूचना संकलनका लागि अपनाइएका विधि | १ |
| ५ | नेपालगंजमा भएको अन्तरक्रियाको विवरण | २ |
| ६ | स्थलगत निरीक्षण तथा अवलोकन गरिएका आयोजना तथा कार्यक्रमहरुको विवरण | २ |
| ७ | सुझावहरु | ९ |
| ८ | अनुसूचीहरु | |

## पृष्ठभूमि :

२०७१ श्रावण २९ गतेको अविरल वर्षाले बबई नदीमा भयानक बाढी आउँदा दाङ्ग, सुर्खेत, बाँके र बर्दीया जिल्लाहरुमा जनधनको क्षति भएको थियो । साथै कतिपय परिवारहरुको घर पूर्णरुपमा र अन्य केहीको आंशिक रुपमा क्षति भएको थियो । सो बाढीबाट घरगोठ बस्ती बगाउँदा धेरै मानिसहरुको निधन भएको, धेरै पशुपंक्षीहरु नास भएको, सिँचाइ कूलो, खानेपानीको पाइप एवम् इन्टेक बगाएको, नदी प्रवाह क्षेत्र नजीक रहेका सडक र शिक्षा तथा स्वास्थ्य संस्थाहरुमा पूर्ण एवम् आशिंक नोक्सानी पुग्न गएको थियो । सो बाढीबाट हुन गएको सबै किसिमका क्षतिको विवरण सम्बद्ध निकायहरुबाट तयार भएको थियो ।

यसरी विषयगत निकायहरुबाट संकलन गरिएको तथ्यांकका आधारमा जिल्ला दैवी प्रकोप उद्धार समितिको सिफारिश बमोजिम नेपाल सरकारले चालू आ.व.२०७१/७२ देखि २०७३/७४ मा समेत पुनःनिर्माण कार्य सञ्चालनका लागि रु.९,८७,४९,७६, ०००। विस्तृत कार्यक्रम नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भइसकेको छ र चालू आ.व. २०७१/७२ को यही आषाढ मसान्तभित्र निर्माण सम्पन्न गरिसक्ने गरी रु.६,२८,२८,०७,०००। जिल्लास्थित सम्बन्धित विषयगत कार्यालयको नाममा निकासा समेत पठाइ सकिएको छ ।

## भ्रमणको उद्देश्यः

गत वर्षको वर्षामा दाङ्ग, सुर्खेत, बाँके र बर्दीया जिल्लाहरुमा आएको बाढीबाट बिस्थापित परिवारलाई पुनर्वास एवम् बाढीबाट क्षति भएका भौतिक संरचना पुनःनिर्माण कार्य सम्बन्धमा अध्ययन गरी सुझाव प्रस्तुत गर्नु यसको उद्देश्य रहेको छ ।

## सूचना संकलनका लागि अपनाइएका विधिहरुः

अनुगमनमा देहायवमोजिमको विधि अपनाई अन्तरक्रिया, अबलोकन र सूचना तथा सुझावहरु संकलन गरियो ।

(क) मध्य पश्चिमाञ्चल क्षेत्रीय प्रशासक श्री विजय कुमार मल्लिकज्यूको आथित्यमा बाँके, बर्दीया, सुर्खेत र दाङका प्रमुख जिल्ला अधिकारीहरु लगायत विभिन्न निकायका प्रतिनिधिहरु सम्मिलित बैठकको आयोजना गरी विस्तृत अन्तरक्रिया गरिएको (निर्णय संलग्न छ) ।

(ख) ती जिल्लास्थित विभिन्न कार्यालय तथा आयोजनाका प्रमुखहरुसँग अन्तरक्रिया गरिएको ।

(ग) पीडितहरु रहेका केही शिविर र पुन:निर्माण प्रारम्भ भएका केही आयोजनाको निरीक्षण गरिएको ।

## नेपालगञ्जमा भएको अन्तरक्रियाको निचोड तथा निर्णयहरुः

क्षेत्रीय प्रशासकज्यूको आतिथ्यतामा नेपालगञ्जमा गत वर्षको बाढीबाट प्रभावित जिल्लाहरु बाँके, बर्दिया, सुर्खेत र दा·का प्रमुख जिल्ला अधिकारी एवम् विभिन्न निकायका प्रतिनिधिहरुको उपस्थितिमा एक अन्तरक्रिया आयोजना भयो । सो कार्यक्रममा बिस्थापित परिवारहरुको पुनर्वास तथा पुनःनिर्माणका सम्बन्धमा  विस्तृत छलफल भई अनूसूचि-१ मा समावेश गरिए बमोजिम निर्णय भयो ।

## अनुगमन गरिएका अन्य आयोजनागत विवरण :

१. जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय, बाँकेले निर्माण गर्नुपर्ने  ४५ आयोजनाहरुमा यस आ.व.मा बनाउनु पर्ने ९ वटा आयोजनामध्ये ६ वटाको ठेक्का सम्झौता भइसकेको जानकारी पाइयो । अनुगमनको क्रममा कार्यालय पुग्दा निर्माण व्यावसायीलाई कार्यादेश दिने काम भइरहेको देखियो । नदी नियन्त्रणका लागि तटबन्ध निर्माण गर्न अत्यावश्यक ढुङ्गा सहज ढंगले पाउन नसकेको र करीब १५० कि.मि.टाढा कैलालीदेखि ल्याउनु परेको जानकारी पाइयो ।
२. राप्ती नदीले कटान गरी बस्ती विस्थापन गरेको होलिया गाविस ५, टेप्री इलाकामा गई सम्बन्धित पीडित वासिन्दाहरुसंग अन्तक्रिया गरिएको थियो । गत आ.व.२०७०।७१ मा ठेक्का लागेको ७०० मिटरको तटबन्ध यस आ.व.भित्र सम्पन्न हुने देखिएता पनि बाँकि ३३० मिटरको निर्माण ठेकेदारले सुरु नगरेकोले स्थानीय वासिन्दा यस बर्षको बाढीबाट त्रसित भएको पाइयो । साथै राप्ती नदीको दुई भंगालाको बीचमा होलिया गाविसकै वडा नं.४ कृषि चोपेरीका करीब ४०० घर अत्यन्त जोखिममा रहेको पाइयो । यस क्षेत्रमा तटबन्धसम्बन्धी कुनै कार्य सुरु भएको रहेनछ । कृषि चोपेरी तथा टेप्रीबाट बिस्थापित केही परिवारहरु झोडा जंगलको किनारमा अस्थायी छाप्रो बनाई बसोवास गरेको पाइयो । राप्तीमा बनाइएको तटबन्धमा थप ३३० मिटर तटबन्ध यस वर्ष पूरा नभएमा बस्ती सुरक्षित नहुने देखिन्छ ।




(होलिया-५ टेप्रीमा निर्माणाधीन ७०० मि.तटबन्ध र निर्माण सुरु नभएको ३३० मि.क्षेत्र )

३. गुलरिया नगरपालिकाबाट भारतको मूर्तिहा जाने बाटोमा रहेको कलर्भट भत्किएको रहेछ । उक्त कलर्भटभन्दा दक्षिणतर्फ सशस्त्र प्रहरीको गुल्म रहेकोले वर्षाद् अगाडि यस कलर्भटको निर्माण हुन नसकेमा सशस्त्र प्रहरीलाई परिचालन गर्न समेत नसकिने प्र.जि.अ.ले जानकारी दिनुभयो । यस्तो सुरक्षा संवेदनशीलतासमेत भएको कलभर्टलाई यथाशीघ्र साधन व्यवस्था गरी निर्माण गराउन पहल गर्नुपर्ने देखिन्छ ।



गुलरियाबाट भारतको मूर्तिहा जाने बाटोमा भत्किएको कलर्भट)

४. गुलरिया नगरपालिकालाई बाढीबाट बचाउनको लागि बबई नदी किनारका ३ स्थानमा जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालयबाट निर्माणाधीन तटबन्ध यस आ.व.भित्रै सम्पन्न गर्नेगरी अघि बढेको पाइयो । गत वर्ष उक्त स्थानबाट बबई नदी मानव बस्तीमा पस्दा ३ जनाको मृत्यु भएको र ४३ घर पूर्णरुपमा बगाएको बुझियो । घर गुमाउनेहरुलाई नजिकैको

रामटपुको खेलमैदानमा गत वर्षदेखि नै दयनीय रुपमा पालमा अस्थायी बसोवास गराएको पाइयो



(गुलरिया नगरपालिकास्थित बबई नदी किनारमा निर्माणाधीन तटबन्ध)





(बाढीबाट बिस्थापित परिवारहरुको अस्थायी शिबिर)

५. गुलरिया नगरपालिकास्थित बबई नदीको शव्दीपुरमा करीब ५०० मिटर लामो मोटरेवल पुल निर्माणका लागि डिभिजन सडक कार्यालयले बिगत ३ वर्षअघि लगाएको ठेक्का अनुसार पुलको करीव ७० प्रतिशत काम पुरा भै सके पनि निर्माण कार्य निकै धिमा गतिमा अगाडि बढेकोपाइयो । यस पुलको ३ वटा स्पान निर्माण गर्न बाँकी रहेकाले यस आ.व.मा पनि सम्पन्न हुने देखिदैन । अनुगमनको क्रममा सम्बन्धित ठेकेदारसँग भेट नभए पनि प्र.जि.अ.तथा जिल्ला प्राविधिक कार्यालयका डिभिजनल इञ्जिनियरले पुलको विषयमा जानकारी दिनु भयो । पुलको काम सुरु गरेर समयमा सम्पन्न गर्न नसक्दा जनताले समयमा फाइदा लिनु नसक्नुको अलावा निर्माणको पूर्वाधार समेत गत वर्षको बाढीले नोक्सान पुचाएको देखियो । यस पुलमुनि माटो तथा बालुवा थुप्रिएकाले

बाढीको पानी डिस्चार्ज हुने क्षमता कम हुदै गएको पाइयो । साथै यस नदीलाई वालुवा र माटो हटाई ट्रयाकिड. नगर्ने हो भने बाढीबाट आउने पानीले नजीक बन्दै गरेका तटबन्ध कार्यलाई समेत जोगाउन नसकिने स्थिति देखियो ।

समयमा काम सम्पन्न नभएको गुलरिया शब्दिपुरस्थित बबई पुलको तस्बिर अर्को पेजमा दिइएको छ ।





६. बर्दीया जिल्लाकै कुसुम्भाघाटमा निर्माण भएको भनिएको झोलुगे पुल तुरुन्त भत्किएकोले हाल पूर्वपट्टिको केही अवशेष बाहेक अरु केही बाँकी रहेको पाइएन । कुसुम्भाघाटको पश्चिम किनारामा करिव ३०० मिटर तटबन्ध निर्माण गर्न अत्यन्त जरुरी देखियो ।

७. बर्दियाको राजापुरलाई कैलालीसंग जोड्ने राजापुर सतिघाट (५३० मिटर) पुलको पश्चिम किनारमा स्पानसहित अपस्ट्रिम र डाउन स्ट्रिम संरक्षण क्रमशः २७० र १०० मिटर निर्माण सम्पन्न भइसकेको । Design and Build पद्धतिको ठेक्का लगाई निर्माण भएको यस आयोजनाको पश्चिम किनारमा करीब २ वटा जति स्पान थप्नु पर्ने स्थिति देखिए पनि पुल निर्माण सम्पन्न भएको र अपस्ट्रिम र डाउनस्ट्रिम क्रमशः ६०० मिटर र ५० मिटर संरक्षण कार्य मात्र बाँकी रहेको भन्ने बुझियो । प्रमुख जिल्ला अधिकारी समेतको उपस्थितिमा त्यहाँ उपलब्ध प्राविधिकहरुसंग छलफल गर्दा हाल नदीको बहाव स्थितिका आधारमा २ वटा स्पान नथप्ने हो भने संरक्षण कार्यले मात्र पुलको दिगोपना कायम हुन नसक्ने स्थिति बुझियो ।



(स्पान निर्माण कार्य सम्पन्न भनिएको राजापुर सतिघाट पुल)

८.कर्णाली नदी नियन्त्रण कार्यक्रम:

२०७१ कार्तिकमा स्थापित यस कार्यालयले गुरुयोजना बमोजिम ४१.७५० कि.मि. लामो तटबन्ध निर्माण गर्नुपर्नेमा चालू आ.व.२०७१/७२ को लक्ष ४ कि.मि. तटबन्ध आषाढ महिनाभित्र सम्पन्न हुने जानकारी सम्बन्धित प्रमुखले दिनुभयो । पाताभार गाविस वडा नं. ४ को बाङ्घुसा, ९ को संकटी, राजापुर नगरपालिका वडा नं. १ को तिहुनी र मुर्गुहवा तथा वडा नं.२ को दौलतपुर घाटसहितका स्थानमा निर्माण गरिएको उक्त ४ कि.मि.तटबन्धको अनुगमन गरियो । प्रमुख जिल्ला अधिकारीसहितको सहभागितामा गरिएको स्थलगत अनुगमनबाट आयोजनाको कार्य सम्पादन सन्तोषजनक रुपमा अघि बढेको देखियो ।





(कर्णाली नदी नियन्त्रणको लागि बनाइएको तटबन्ध ।

९. जहरे खानेपानी आयोजना, सुर्खेत छिन्चु जाजरकोट सडकको करीब १० कि.मि. दूरीमा रहेको जहरे खानेपानी आयोजनाको मुहानबाट जहरे बजारसम्म ल्याइएको खानेपानीको पाइप गत वर्षको बाढीले बगाएको थियो । चालू आ.व.को पुनस्थापन कार्यक्रम अनुसार खानेपानी पाइप नयाँ जडान भइ सकेको देखिए पनि पानी आइसकेको बुझिएन ।

१०. छिन्चु खोला तटबन्ध आयोजनाः छिन्चु बजारबाट बग्ने छिन्चु खोलाले गत वर्ष कटान गरेको स्थानमा तारजाली सहितको तटबन्ध निर्माण कार्यको शुरुवात गरेको देखिए पनि बाढीबाट बस्तीलाई जोगाउनको लागि पर्याप्त नभएको देखियो । बाढीबाट प्रभावित क्षेत्रका बासिन्दा एवम् उपभोक्ता समितिका पदाधिकारीहरुले हालसम्म भएको निकाशाको अतिरिक्त केही तार जाली पाइएमा बाढीबाट बस्तीलाई थप जोगाउन सकिने विचार व्यक्त गरेका थिए ।

११. बबई खोला तटबन्ध आयोजना, दा ·को डुरुवा गाविसको चौपरिया जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय, लमहीबाट करीब २ करोड ४० लाखको लागतमा ६०० मिटर तटबन्धको निर्माण प्रारम्भ गरेको पाइयो । हालसम्म माटो थुपारी डिल बनाउने काम भएको देखियो । यस आयोजनाको सर्वे एवम् निर्माण गर्दा स्थानीय सरोकारवालाहरुलाई सहभागी नगराइएकाले केही जनगुनासो रहेको पाइयो । जिल्ला प्रशासन कार्यालयमा आयोजित आयोजना प्रमुखहरुको बैठकमा टोलीबाट यस विषयमा जानकारी गराउनुका साथै सहभागितामूलक प्रक्रिया अपनाउन अनुरोध गरियो ।

स्थिति रहेको पाइयो ।



(चालु आ.व.को रु.२ करोड ४० लाखको निर्माणाधीन तटन्धको दृष्य, दुरुवा चौपेरी दाङ)

नेपालगञ्जमा आयोजना गरिएको अन्तरक्रिया, विभिन्न जिल्लाहरुमा कार्यालय तथा आयोजना प्रमुखहरुसंग भएको छलफल, आयोजनाहरुको स्थलगत अनुगमन र शिविरमा रहेका तथा अन्य बिस्थापित परिवारहरुसंगको छलफलबाट समग्रमा बाढी पीडितहरुको पुनर्वास तथा पुनःनिर्माणमा देहाय बमोजिमको स्थिति रहेको पाइयो ।

(क) पूर्ण रुपमा घर क्षति भइ विस्थापित परिवारहरुको प्रारम्भिक लगत तयार गरिएको भए पनि त्यसको प्रमाणीकरण (verification) हुन बाँकी नै रहेको । तलको तालिकामा देखाइए झैं ४ वटा जिल्लाका विभिन्न स्थानमा गरी कुल १५६१ परिवार अझै अस्थायी शिविरहरुमा रहेको ।

| जिल्ला | पूर्ण रुपमा घर क्षति भएका परिवार संख्या | अझै शिविरमा पालमुनी रहेका परिवार संख्या |
|---|---|---|
| बाँके | ३२१२ | ४९२ |
| बर्दीया | ३८५९ | १६२ |
| सुर्खेत | १४६५ | ८६५ |
| दांग | ४१३ | ४२ |
| जम्मा | ८,९४९ | १,५६१ |

(ख) आगामी मनसुन अगाडि नै यी परिवारहरुको व्यवस्थित वसोवास गर्न अत्यन्त जरुरी रहे पनि प्रमाणीकरण टुंग्याई यस्तो लगत तयार गर्नका लागि शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयलाई आबश्यक रकम निकासा नभएको र जनशक्ति पनि कम रहेको ।

(ग) नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयवमोजिम बाढीबाट भएको क्षतिको पुन:निर्माणका लागि विभिन्न निकायहरुलाई विनियोजन गरिएको रकमको खर्च गर्ने अख्तियारी अझै सम्बद्ध कार्यालय तथा आयोजनामा नपुगेको । उदाहरणका लागि शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय र जिल्ला शिक्षा कार्यालयहरुमा अख्तियारी अझै नपुगेको ।

(घ) सिंचाइ डिभिजन कार्यालय र जल उत्पन्न प्रकोप डिभिजन कार्यालयका लागि छुट्याइएको रकमको अख्तियारी प्राप्त नभएकोले कतिपय क्षेत्रमा सिंचाइ आयोजनाको पुन:निर्माण तथा नदी नियन्त्रण कार्य प्रारम्भ भए पनि प्रभावकारी रुपमा काम अघि बढ्न नसकेको ।

(ङ) कृषि विकास कार्यालय र पशु सेवा कार्यालयका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय वमोजिमको रकम निकासा भैसकेको भए पनि क्षतिपूर्ति वितरणका लागि आबश्यक नर्म्स सहितको कार्यविधि सम्बद्ध मन्त्रालय/विभागबाट नगएका कारणले वितरण प्रारम्भ हुन नसकेको ।

(च) कर्णाली नदी नियन्त्रण आयोजना २०७१ कार्तिकमा स्थापना भएको भए पनि यसले कार्यक्रम प्रभावकारी रुपमा अघि बढाएको पाइयो ।

अनुगमनका क्रममा भएको अन्तरक्रिया कार्यक्रमहरुमा विभिन्न आयोजना तथा कार्यालय प्रमुखहरुबाट देहाय बमोजिम अन्य विषयहरुसमेत उठाइएको थियो ।

(क) दाड. सिमेण्ट, रोल्पा सिमेण्ट, सोनापुर सिमेण्ट र घोराही सिमेण्ट कारखानाहरुको पहुँच मार्ग निर्माण कार्यका सिलसिलामा करीब १३ करोड ८५ लाख बराबर काम भइसकेको रकम भुक्तानी गर्न रकम निकाशा नभएकोले समस्या परेको ।

(ख) नेपाल बिद्युत प्राधिकरण अन्तर्गतका निकायहरुबाट सडकको Right of Way भित्र पर्ने बिजुलीका खम्बाहरु स्थानान्तरण गर्न ठूलो रकमको ल.ई. भइआउने र समयमा काम पनि नहुने हुँदा सडक निर्माणमा समस्या पर्न गएको ।

(ग) बाढी र भूकम्पका कारणले भत्किएका र आफ्नै जग्गा नभएका विद्यालय तथा स्वास्थ्य चौकीलाई जग्गा प्राप्तीमा समस्या रहेको । विद्यालयको हकमा बनको जग्गा भोगाधिकार भए पनि भवन निर्माण गर्न पाइने तर स्वास्थ्यको हकमा यस्तो जग्गामा भवन निर्माण गर्न नदिने व्यवस्थाले काम कारवाहीमा समस्या पर्ने गरेको ।

(घ) लोक सेवा आयोगबाट लिइने विभिन्न तहको समावेशी सम्बन्धी परीक्षामा अपागंता भएका व्यक्तिहरुको प्रमाणीकरण गर्न अपागंताको स्पष्ट आधार स्पष्ट नभएको कारणले बिवाद पर्ने गरेको ।

(ड.) लमही कोइलाबास हुलाकी मार्ग अन्तर्गत राप्ती नदी किनारका बलरामपुर र गंगापुर क्षेत्रमा Alignment विवाद रहेको ।

(च) जिल्ला शिक्षा कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय र बहुसरोकारवाला बन संरक्षण कार्यक्रमको अझैसम्म तेश्रो चौमासिक निकाशा फुकुवा नभएको ।

(छ) बाढी लगायत अन्य दैबी प्रकोपको आपत्कालीन व्यवस्थापन गर्नका लागि जिल्ला दैबी प्रकोप उद्धार कोषमा केही रकमको व्यवस्था हुनुपर्ने ।

## ६. सुझावहरु :

### ६.१ तत्काल गरिनुपर्ने देखिएका विषयहरु

भ्रमण टोलीले गरेको अवलोकन, अन्तरक्रिया तथा स्थलगत निरीक्षणका अतिरिक्त मध्य पश्चिमान्चल क्षेत्रीय प्रशासकज्यूको आथित्यमा बाँके, बर्दीया, सुर्खेत र दांगका प्रमुख जिल्ला अधिकारीहरु लगायत विभिन्न निकायका प्रमुख तथा प्रतिनिधिहरु सम्मिलित बैठकको निर्णय समेतलाई आधार मानी देहायवमोजिम तत्काल कार्बाही गरिनुपर्ने सुझावहरु प्रस्तुत गरिएको छ:

६.१.१ जिल्लास्तरबाट तत्काल गरिनुपर्ने कार्यहरु

(१) २०७१ सालमा आएको बाढी र डुवानबाट पूर्ण रुपमा घर क्षति भइ विस्थापित परिवारको घरजग्गासम्बन्धी विस्तृत विवरण तयार गरी २०७२ जेठ १५ सम्ममा प्रमाणीकरण (verification) गरिसक्ने ।

(२) उक्त प्रमाणीकरण कार्यका लागि शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयको संयोजकत्वमा स्थानीय निकाय, नेपाल रेडक्रस सोसाइटी, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयको प्रतिनिधि सम्मिलित समिति गठन गरी परिचालन गर्ने ।

(३) जिल्लास्थित कार्यालय तथा विकास आयोजनाहरुले नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय वमोजिमको वजेट सीमाभित्र रही जिल्ला दैवि प्रकोप उद्धार कोषबाट कार्यक्रम स्वीकृत गराई तोकिएको समयभित्रै कार्य सम्पन्न गर्ने गरी कार्यान्वयनलाई तीब्रता दिने ।

(४) घर क्षति भई विस्थापित परिवारलाई पुनर्वास गराउँदा हाल शिविरहरुमा कष्टकर रुपमा जीवनयापन गरिरहेका परिवारलाई प्राथमिकता दिने । त्यसपछि क्रमश अन्य र आंशिक रुपमा क्षति भएकालाई सहयोग गर्ने ।

(५) सो कार्यको सहजीकरण सम्बद्ध जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले गर्ने ।

<u>६.१.२ नेपाल सरकार (मन्त्रिपरिषद्) बाट यस पूर्व भएका निर्णयहरुको पुनरावलोकनका लागि सुझावहरु:</u>

नेपाल सरकार (मन्त्रिपरिषद्) बाट पूर्ण रुपमा घर क्षति भएका र जग्गा नभएका परिवारलाई रु. ५०,०००। र घर निर्माणका लागि रु. ७५,०००। गरी १,२५,०००। उपलब्ध गराउने निर्णय भएको छ । जिल्लास्तरमा यो रकम हालसम्म पुगेको छैन । साथै जग्गा खरिद तथा घर निर्माण समेतका लागि उक्त रकम अत्यन्त न्यून रहेको र सरकारी जग्गा उपलब्ध गराउन सकिने अबस्था पनि नरहेकोले क्षेत्रीय प्रशासकज्यूको सहभागितामा बाँके, बर्दिया, सुर्खेत र दांगका प्रमुख जिल्ला अधिकारीहरु लगायत विभिन्न निकायका प्रमुख तथा प्रतिनिधिहरु सम्मिलित बैठकको निर्णय समेतका आधारमा देहायवमोजिम हुन सिफारिस गरिएको छ ।

(१) बाढीबाट विस्थापित जग्गा नभएका परिवारको पुनःर्वासका लागि जग्गा उपलब्ध गराउन निम्न शर्तहरुको अधिनमा रही प्रति परिवार न्यूनतम १,५०,०००। (एक लाख पचास हजार) उपलब्ध गराउने ।

(क) प्रमाणित भइ आएका विस्थापितहरुलाई जग्गा खरिद गर्नका लागि रु. २५,०००। बैना गर्नका लागि रकम दिने ।

(ख) जग्गा खरिदकर्ता (बाढी पीडित) र बिक्रेता वीच जग्गा खरिद विक्री गर्न सहमति भै मालपोत कार्यालयमा रजिष्ट्रेशन पास गर्दाका बखत बाँकी रकम भुक्तानी दिने ।

(ग) जग्गा खरिद गर्दा न्यूनतम क्षेत्रफल १ कट्ठा बराबर हुनुपर्ने र सो जग्गा मानव वसोवासयोग्य हुनुपर्ने ।

(घ) यसरी प्राप्त गरेको जग्गा १० बर्षसम्म विक्री वितरण तथा हक हस्तान्तरण गर्न नपाइने ।

(ङ) विस्थापित परिवारको मूली वा अंशियारको नाममा नेपाल राज्यभरी जग्गा भएको पाइएका राज्यले कुनै पनि बेलामा फिर्ता लिनसक्ने र गलत विवरण पेश गरेकोमा कानुन वमोजिम कार्बाही गर्ने ।

(च) यस प्रक्रियाबाट जग्गा प्राप्त गर्नेलाई नेपाल सरकारको अन्य कुनै पनि निर्णय वा सेवा सुविधा (मुक्त कमैया, हलिया आदि) बाट जग्गा उपलब्ध नगराउने । तर, यसअघि जग्गा प्राप्त गरिसकेको र सो जग्गा बाढीबाट क्षति भएको हकमा यो शर्त लागू नहुने व्यवस्था गर्ने ।

(२) रकमको सट्टा जग्गा नै माग गर्ने पीडितहरुलाई नेपाल सरकारले सम्बन्धित जिल्ला दैवी प्रकोप उद्धार समितिबाट सिफारिस भएको जग्गा उपलब्ध गराउने ।

(३) आफ्नो नाममा जग्गा भएका वा जग्गाको भोगाधिकार प्राप्त गरेकालाई शहरी विकास तथा भवन निर्माण विभागबाट गरिएको डिजाइन र लगतका आधारमा भवन निर्माणका लागि किस्ताबन्दीमा रकम उपलब्ध गराउने ।

(४) उल्लिखित प्रयोजनका लागि लाग्ने रजीष्ट्रेशन शुल्क मिनाहा गर्ने व्यवस्था मिलाउने ।

(५) २०६३ सालको बाढीबाट प्रभावित वर्दीयाको मनाउ गाविसका बाढी पीडितहरुलाई समेत २०७१ श्रावणमा आएको बाढीबाट प्रभावित भएका सरहको शर्तमा रही सोही अनुसार व्यवस्था गर्ने ।

<u>६.१.३ विषयगत मन्त्रालय/विभागबाट तत्काल गर्नुपर्ने कार्यहरुः</u>

(१) पूर्ण रुपमा क्षति भई विस्थापित भएका परिवारसम्बन्धी तथ्यांकको आधिकारिकता प्रमाणीकरण तथा आवास भवन अनुगमन लगायतका कार्यका लागि शहरी विकास तथा भवन डिभिजन कार्यालयहरुलाई प्रशासनिक खर्च सहितको अख्तियारी ३ (तीन) दिनभित्र उपलब्ध गराउने । (शहरी विकास मन्त्रालय)

(२) शहरी विकास तथा भवन डिभिजन कार्यालय नेपालगंजका काजमा रहेका इन्जिनियरलाई काज फिर्ता गरी उक्त कार्यालयको माग वमोजिम केही कर्मचारी एक महिनाका लागि काजमा खटाउने । (शहरी विकास मन्त्रालय)

(३) कृषि तथा पशु विकास कार्यालयलाई पीडितहरुलाई क्षतिपूर्ति वापतको रकम उपलब्ध गराउनका लागि नर्म्स सहितको कार्यविधि आबश्यक देखिएकाले ३ (तीन) दिनभित्र उपलब्ध गराउने । (कृषि विकास मन्त्रालय)

(४) जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला शिक्षा कार्यालयहरुमा, सिंचाइ डिभिजन कार्यालय र जल उत्पन्न प्रकोप डिभिजन कार्यालयका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसारको रकम खर्चगर्ने अख्तियारी ३ (तीन) दिनभित्र उपलब्ध गराउने । (क्रमशः स्वास्थ्य तथा जनसंख्या, शिक्षा र सिंचाइ मन्त्रालय)

## ६.२ दीर्घकालीन सुझावहरुः

(१) बबई र राप्ती नदीबाट हरेक वर्ष वर्षाद्को समयमा बाढी आई जनधनको क्षति हुने गरेको छ । यस्तो बाढीको प्रकोपबाट बच्न ससाना टुक्रे कार्यक्रम सञ्चालन गर्ने गरिएको र यसमा ठूलो धनराशी खर्च समेत हुने गरेको छ । यसरी गरिने ससाना तटबन्धको दीगोपना रहने गरेको पाइदैन । अतः बबई र राप्ती नदी नियन्त्रणका लागि प्याकेजको रुपमा River Tracking and Training सम्बन्धी गुरुयोजना बनाई व्यवस्थित रुपमा कार्यान्वयन गर्नु पर्ने ।

(२) राष्ट्रिय निकुन्ज र चुरे क्षेत्रबाट ढुंगा निकाल्न नपाएका कारणले मूलतः बाँके र बर्दीया जिल्लामा तटबन्ध निर्माण कार्य अत्यन्त महंगो र समस्यामूलक रहेको पाइयो । यसका लागि राष्ट्रिय निकुन्ज र चुरे क्षेत्रका अध्ययन गराई उपयुक्त स्थानबाट ढुंगा आपूर्ति गराउने नीतिगत व्यवस्था हुनुपर्ने ।

(३) नदी किनारमा तटबन्धसंगै बृक्षरोपणलाई प्याकेजकै रुपमा सञ्चालन गरी निर्मित तटबन्धको दीगोपना कायम गर्ने ।

(४) नदी किनारमा रहेका बस्तीहरुको अध्ययन गराई तिनीहरुलाई क्रमशः सुरक्षित क्षेत्रतर्फ स्थानान्तरण गराउदै जाने ।

समाप्त